# सर्वोत्तम सिमेन्ट लिमिटेड

का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल
E-mail : info@sarbottamcement.com | Website : sarbottamcement.com

## पाँचौ वार्षिक साधारण सभा सम्बन्धि सूचना

आदरणीय, शेयरधनीमहानुभावहरु

सर्वोत्तम सिमेन्ट लिमिटेडको मिति २०८० चैत्र २० गते बसेको सञ्चालक समितिका २१०औं बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

## वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय

**मिति:** २०८१ साल बैशाख १२ गते बुधबार (तदनुसार २४ अप्रिल २०२४)

**समय:** बिहान १०:०० बजे

**स्थान:** रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका स्थित होटल सिद्धार्थ भिलासा

## छलफल गर्ने विषयहरू

**(क) सामान्य प्रस्तावहरू**

१) आ.व. २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०७९/०८० सम्मको मुनाफावाट चुक्ता पुँजी ४६५,००,००,०००।०० (अक्षरुपी चार अर्व पैसट्ठी करोड मात्र) को १५% (लाभांश कर सहित) ले हुन आउने रु. ६९,७५,००,०००।०० (अक्षरुपी उनन्सत्तरी करोड पचहत्तर लाख रुपैयाँ मात्र ) नगद लाभांश पारित गर्ने ।

५) संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु ५ (पाँच), सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक १ (एक) जना र १ जना स्वतन्त्र सञ्चालक नियुक्ती गर्ने सम्बन्धमा ।

६) विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धि जानकारी

१. साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८०/१२/३० गते शुक्रवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book close) रहनेछ। नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८०/१२/२९ सम्म कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको सो सभामा भाग लिन सक्ने छन् ।

२. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण र हितग्राही खाता खोली शेयर अभौतीकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउन हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा बिहान ९:०० बजे देखि खुल्ला रहनेछ। साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु वा प्रोक्सीले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

४. आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website: sarbottamcement.com मा पनि हेर्न सक्नुहुनेछ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात २०८०/०१/१० गते बिहानको १०:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । एक जना शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्ने छैन । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर हुनेछ ।

६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ ।

७. सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन समितिले तोके बमोजिम हुनेछ र सो सम्बन्धी सूचना वार्षिक साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

८. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभाकक्षमा उपस्थित भई दिनहुन सम्पूर्ण शेयरधनीमहानुभावहरुलाई अनुरोध गरिन्छ ।

९. साधारणसभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

१०. वार्षिक साधारण सभा तथा सञ्चालकको निर्वाचन सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**सर्वोत्तम सिमेन्ट लिमिटेड**

का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल